# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, असोज २० गते,२०७५ साल (संख्याः ७


## मुसिकोट नगरपालिका,गुल्मी

# मुसिकोट नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि – २०७५

मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि २०७५

**प्रस्तावना**

मुसिकोट नगरपालिका क्षेत्र भित्र संचालित एव संचालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानुनी दायरामा ल्याउन,व्यवसाय संचालनमार्फत नगरपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पु¥याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रर्वद्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्नअनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन वाञ्छनिय भएकोले मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम मुसिकोट नगरकार्यपालिकाद्वारा यो कार्यविधि बनाइ जारी गरिएको छ ।

**परिच्छेद – १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम मुसिकोट नगरपालिका व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि – २०७५" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “कार्यालय” भन्नाले यस मुसिकोट नगरपालिका को कार्यालय सम्झनुपर्नेछ ।

(ख) “शाखा” भन्नाले यस मुसिकोट नगरपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ ।

(ग) “वडा कार्यालय” भन्नाले यस मुसिकोट नगरपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ ।

(घ) “प्रमुख” भन्नाले यस मुसिकोट नगरपालिका को प्रमुख सम्झनुपर्नेछ ।

(ङ) “उपप्रमुख” भन्नाले यस मुसिकोट नगरपालिका को उपप्रमुख सम्झनुपर्नेछ ।

(च) “कार्यपालिका सदस्य” भन्नाले यस मुसिकोट नगरपालिका को कार्यपालिका सदस्यहरुलाई सम्झनुपर्नेछ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्नेछ ।

(ज) “वडा समिति” भन्नाले यस मुसिकोट नगरपालिकाको ९ वटै वडाका वडा समितिहरु सम्झनुपर्नेछ ।

(झ) “ब्यवसायी” भन्नाले यस मुसिकोट नगरपालिकाका भित्रका सम्वन्धित ब्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

(ञ) “कार्यविधि” भन्नाले “ब्यवसाय दर्तातथा नविकरण सम्वन्धी कार्यविधि – २०७५”सम्झनुपर्नेछ ।

३. **क्षेत्र** : यस मुसिकोट नगरपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ ।

४. **विषयगत क्षेत्र** :विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन्।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न,थोक तथा खुद्रा पसल

(ख) होटल ब्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म ।

(छ) औषधि पसल ।आदि

## परिच्छेद – २

## व्यवसाय दर्ता सम्वन्धी व्यवस्था

**५. व्यवसाय दर्ता प्रकृया :**

(१) व्यवसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले नगर कार्यपालिकाको कार्यालयमा आ–आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यम बाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले मंसिर  मसान्त सम्ममा अनिवार्य रुपमा आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।साथै नयाँ व्यवसाय संचालन गर्ने व्यवसायीले व्यवसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य रुपमा आफ्नो व्यवसाय दर्ता गरिसक्नुपर्नेछ ।

**६. दर्ताका लागि आवश्यक कागजातहरु :**

मुसिकोट राजपत्र

व्यवसाय दर्ताका लागिव्यवसायीले देहायका कागजातहरुसहित अनुसूची ३ बमोजिमको ढाँचामा नगर कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा वा सम्झौता पत्र

(६) उद्योग तथा फर्मको हकमा संधियारको मञ्जुरीनामा ।

७. **प्रमाणपत्र सम्वन्धी व्यवस्था :**

माथि दफा ६ मा उल्लेखित कागजातहरु प्राप्त भईसकेपश्चात तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची–१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८. **व्यवसाय नवीकरण सम्वन्धी व्यवस्था** :प्रत्येक व्यवसायील अगामी आर्थिक बर्षको लागि चालु आर्थिक वर्षको असार मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्यरुपमा नगर कार्यपालिका बाट नविकरण गरिसक्नुपर्नेछ । व्यवसाय नवीकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरेबमोजिम हुनेछ ।

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था**

(१) व्यवसाय दर्तानविकरण सम्वन्धी शुल्क÷दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

मुसिकोट राजपत्र

(२) चालु आ.व.को हकमा अनुसूची– २ मा उल्लेख भए बमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लिइनेछ ।

(३) आ.व.समाप्त भएपछि व्यवसाय दर्ता/नविकरण शुल्कमा नगरकार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता ÷नविकरण शुल्कसम्वन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद – ३
## अनुगमन तथा कारबाही

१०. **मूल्य सूची सम्वन्धी व्यवस्था** :सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रस्ट संग देख्ने गरी मूल्यसूची राख्नुपर्नेछ ।

११. **बजार अनुगमन सम्वन्धी व्यवस्था :**

यस नगरपालिका भित्र संचालन भएका व्यापार व्यवसायलाई स्वस्थ, ब्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ ।बजार अनुगमनसम्बन्धी अन्य व्यवस्था नगरकार्यपालिकाले जारी गरेको बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ ।

१२. **दर्ता खारेजी र व्यवसाय बन्द सम्वन्धी व्यवस्था** : देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गर्न सक्ने छ ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालोबजारी गरेमा

मुसिकोट राजपत्र

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रिहरु बेचविखन गरेमा

(छ) प्रदुषित,फोहोर सामाग्रिहरु बेचविखन गरेमा

**१३. कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :–

| क.स | विवरण | जरिवाना रू. |
|---|---|---|
| १ | मूल्यसूची नराखेमा | १०००।– |
| २. | प्रमाणपत्र नराखेमा | २,०००।– |
| ३. | तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा | ५,०००।– |
| ४. | गुणस्तरहीन सामागी्हरु बेचविखन गरेमा | १०,०००।– |
| ५. | म्याद नाघेका सामाग्रिहरु बेचविखन गरेमा | १०,०००।– |
| ६. | बजार मूल्य भन्दा चर्को मूल्यमा सामागी्हरु बेचविखन गरेमा | १०,०००।– |
| ७. | प्रदुषित,फोहोर सामागी्हरु बेचविखन गरेमा | ५,०००।– |

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसकेपश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

**परिच्छेद – ४**



मुसिकोट राजपत्र

## विविध

**१४. बाधा अड्काउ फुकाउ सम्वन्धी व्यवस्था :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधीको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार ब्यवस्था गर्न सक्नेछ ।

१५. **विशेष व्यवस्था** :माथि अन्यत्र जुनसुकै ब्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा नगरपालिकाले बनाएको अर्को ऐन,कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन्।

मुसिकोट राजपत्र

## अनुसूची १

### दफा (७) सँग सम्बन्धित

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### वामीटक्सार, गुल्मी
### ५ नं प्रदेश, नेपाल

फोटो

**व्यवसाय दर्ता प्रमाणपत्र**

प्रस्तुत विषयमा तपाई लाई "**मुसिकोट नगरपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७५**" को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरी मर्यादित तवरले आफ्नो व्यवसाय संचालन गर्नुहुन अनुरोध गरिन्छ ।

प्रमाण पत्र संख्या :–

दर्ता नं. :–

जारी मिति :–

१) व्यवसायीको नाम थर :–

२) व्यवसाय संचालन गर्ने स्थान :–

३) व्यवसायीको ठेगाना :–

स्थायी :–

अस्थायी :–

४) पति÷बाबुको नाम :–

५) फर्मको नाम :–

६) व्यवसायको किसिम :–

७) व्यवसाय संचालन मिति :–

८) स्वामीत्व :–

| निजी | साझेदारी | सहकारी | कम्पनी प्रा.ली | अन्य |
|---|---|---|---|---|
| | | | | |

९) श्रेणी :–

१०) लगानी पुँजी :–

........................ .......................... ..............................

सञ्चालकको दस्तखत फाँटवालाको दस्तखत प्रमाणीत गर्नेको दस्तखत

**केही महत्वपुर्ण नियम तथा जानकारीहरु :–**

१) यो प्रमाण पत्र आफ्नो व्यवसाय पसलमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

२) प्रत्येक आ.ब.का लागि कायम हने व्यवसाय कर असार मसान्त भित्र बुझाइ प्रमाण पत्र नवीकरण गर्नु पर्नेछ ।

३) व्यवसाय कर भुक्तानी नगरी बाँकी हुन आएमा नगर संभाले पारित गरे अनुसार विलम्ब शुल्क लाग्नेछ ।

४) नविकरण गराई बक्यौता कायम हुन आएका तोकिए बमोजिम जरिवाना रकम भुक्तान भए पछि मात्र पुनः नविकरण गर्न सकिनेछ ।

५) व्यवसाय कर भुक्तानी गर्न आउँदा यो प्रमाण पत्र साथमा लिई आउनु पर्नेछ ।

६) व्यवसाय बन्द वा न.पा. बाहिर सार्दा लागल कट्टाका लागि न.पा.मा जानकारी गाराउनु पर्नेछ ।

७) व्यवसाय फर्मको नाम किसिम स्थान स्वामित्व अगाडि परिवर्तन वा संशोधन गर्दा न.पा. लाई जानकारी दिनु पर्नेछ ।

८) यो प्रमाण पत्र सुरक्षित साथ राख्नु पर्नेछ । हराए वा नारिएमा रु. १००।– भुक्तानी गरी प्रमाण पत्रको प्रतिलिपि पुनः प्राप्त गर्न सकिनेछ ।

मुसिकोट राजपत्र

## नविकरण विवरण

| नविकरण | | भुक्तान विवरण रकम रु | | | | | दस्तखत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| मिति | मान्य रहने अवधि | राजस्व रकम | छुट | जरिवाना | जम्मा भुक्तानी | रसिद नं | फाँटवाला | अधिकृत | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

.

मुसिकोट राजपत्र

## अनुसूची २
## दफा (९) सँग संबन्धित
## व्यवसाय कर

| | व्यवसाय कर | दर रू. | कैफियत |
|---|---|---|---|
| १. | चिया नास्ता सामान्य किराना पसल, सामान्य कस्मेटिक पसल प्रति वर्ष | ५०० | |
| २. | रेष्टुरेन्ट व्यवसाय प्रति वर्ष | १५,०० | |
| ३. | होटल वार प्रति वर्ष | २,००० | |
| ४. | रिसोर्ट, प्रथम वर्गको होटल, प्रति वर्ष | २५,००० | |
| ५. | खाद्यान्न पसल, किराना पसल, प्रति वर्ष | ३,००० | |
| ६. | काचो कपडा, तयारी पोशाक, कपडा फेन्सी प्रति वर्ष | ४,००० | |
| ७. | स्टेशनरी तथा खेलकूद सामाग्री पसल प्रति वर्ष | १५,०० | |
| ८. | मासु पसल प्रति वर्ष | १,००० | |
| ९. | बाल काट्ने शैलुन प्रति वर्ष | १,००० | |
| १०. | ब्यूटि पार्लर प्रति वर्ष | १,००० | |
| ११. | निमार्ण सामाग्री, हार्डवयर पसल प्रति वर्ष | ४,००० | |
| १२. | प्रेस छापखान प्रति वर्ष | ४,००० | |
| १३. | भाडा पसल प्रति वर्ष | २५,०० | |
| १४. | मोटर साईकल वर्कसप प्रति वर्ष | ३,००० | |
| १५. | मोटर साईकल सोरुम प्रति वर्ष | ५,००० | |

| | | | |
|---|---|---|---|
| १६. | जिप, बस, ट्रक, टेक्टर, कार वर्कसप (ग्यारेज) प्रति वर्ष | ५,००० | |
| १७. | जिप, बस, ट्रक, टेक्टर, कार सोरुम प्रति वर्ष | २५,००० | |
| १८. | सामान्य औषधि पसल प्रति वर्ष | २५,०० | |
| १९. | ल्याव, एक्सरे, सहितको औषधि पसल प्रति वर्ष | ५,००० | |
| २०. | हस्पिटल, रिसर्च सेन्टर प्रति वर्ष | ४०,००० | |
| २१. | सुन चाँदी पसल  प्रति वर्ष | ४,००० | |
| २२. | सुन चाँदी पसल ठूलो प्रति वर्ष | ७,५०० | |
| २३. | घडि, रेडियो, टि.भि.मर्मत पसल प्रति वर्ष | २,००० | |
| २४. | फ्रिज, घडि, रेडियो, टि.भि. कम्प्यूटर, ईलेक्ट्रीकल पसल प्रति वर्ष | ४,००० | |
| २५. | जल विद्युत आयोजना प्रति किलोवाट प्रति वर्ष | १५० | |
| २६. | क्रसर उद्योग प्रति वर्ष | ५०,००० | |
| २७. | ईट्टा,  ब्लक, उद्योग प्रति वर्ष | १०,००० | |
| २८. | प्लास्टिक पसल प्रति वर्ष | २,००० | |
| २९. | कम्यूनिकेसन सेन्टर, कम्प्यूटर सिकाईसेन्टर प्रति वर्ष | २,००० | |
| ३०. | ट्यूसन कोचिङ्ग सेन्टर प्रति वर्ष | ५,००० | |
| ३१. | वोर्डिङ्ग स्कूल प्राईमरी प्रति वर्ष | ३५,०० | |
| ३२. | वोर्डिङ्ग स्कूल माध्यामिक प्रति वर्ष | ७,५०० | |
| ३३. | वोर्डिङ्ग स्कूल प्राईमरी नयाँ दर्ता | २०,००० | |
| ३४. | वोर्डिङ्ग स्कूल माध्यामिक नयाँ दर्ता प्रति वर्ष | ३०,००० | |
| ३५. | तरकारी फलफूल पसल प्रति वर्ष | १,००० | |
| ३६. | तरकारी फलफूल पसल थोक बिक्रेता प्रति वर्ष | २,००० | |

| | | | |
|---|---|---|---|
| ३७. | मदिरा पसल फुटकर पसल प्रति वर्ष | ५,००० | |
| ३८. | मदिरा पसल थोक पसल प्रति वर्ष | १०,००० | |
| ३९. | मदिरा पसल डिलर प्रति वर्ष | १५,००० | |
| ४०. | किराना गल्ला फेन्सी थोक बिक्रेता प्रति वर्ष | ७,५०० | |
| ४१. | टेलर्स पसल प्रति वर्ष | १,००० | |
| ४२. | ग्रील उद्योग प्रति वर्ष | ४,५०० | |
| ४३. | फर्निचर उद्योग प्रति वर्ष | ४,५०० | |
| ४४. | फर्निचर सोरुम प्रति वर्ष | ६,००० | |
| ४५. | निर्माण व्यवसायी ग र घ वर्ग प्रति वर्ष | १०,००० | |
| ४६. | निर्माण व्यवसायी ख वर्ग प्रति वर्ष | २०,००० | |
| ४७. | निर्माण व्यवसायी क वर्ग प्रति वर्ष | ४०,००० | |
| ४८. | उल्लेखित नभएको विषयमा नगरपालिका राजस्व परामर्श समितिको बैठकले तय गर्नेछ | | |

मुसिकोट राजपत्र

## अनुसूची ३
## दफा ६ सँग सम्बन्धित
## व्यवसाय दर्ता निवेदन

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
मुसिकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी

विषय : व्यवसाय दर्ता गरी पाँऊ।

महोदय,

प्रस्तुत विषयमा मैले तपसील अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकाले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ ।

व्यवसायको प्रकार : ..............................................................

१) हालसालै खिचेको २ प्रति फोटो
२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि
३) वडा कार्यालयको सिफारिस
४) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
५) अर्काको नाममा जग्गा भए व्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा
७) उद्योगको वाण्ज्यि संघको सिफारिस पत्र

निवेदक
नाम :
ठेगाना
मिति

**प्रमाणिकरण मिति : २०७५।०६।२०**

**आज्ञाले,**
**घनश्याम न्यैपाने**
**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्य रू २०**

मुसिकोट राजपत्र